जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.नि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४०     अंक १५     २०७८ साल कात्तिक २१ गते आइतवार (7 Nov. 2021 Sunday)     मूल्य रु. ७/-

प्राकृतिक विपत्ति न्यूनीकरणका लागि सामूहिक सचेतना जगाऔं

- जथाभावि सडक निर्माण र वनविनाशले बाढी पहिरो निम्त्याउछ ।
- वृक्षरोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- विपत्ति आउनु अघि नै सजगता अपनाऔ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र* – पृष्ठ २ मा : न्यायपालिकाभित्रको आन्दोलनसित ... पृष्ठ ५ मा : रम्पुरा मल्हनियामा ... पृष्ठ ५ मा : दिल्लीको प्रदूषणले ... पृष्ठ ६ मा : माटाको भाडा किन्नेको चहलपहल ....

# राजनीतिक दलकै कारण देश चरम गरिबीको चेपटमा : डा. सिके राउत

**राजविराज** / जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा. सिके राउतले कांग्रेस, एमाले, माओवादी, जसपाले देशलाई चरम गरिवीको चपेटामा पारेको आरोप लगाएका छन् ।

सप्तरीको कञ्चनरुप नगरपालिका ३ स्थित बरमझियामा सोमबार जनमत पार्टी नगरसमिति कञ्चनरुपद्वारा आयोजित आमसभालाई सम्बोधन गर्दै उनले सो आरोप लगाएका हुन् ।

उनले मुलुकमा राजनैतिक पार्टीहरुकै संरक्षणमा भ्रष्टाचार भइरहेको आरोप लगाउँदै देशको विकास र समृद्धिमा प्रमुख बाधक भ्रष्टाचार नै रहेकोले देशको विकास र सुशासनका लागि विभिन्न निकायमा भइरहेको भ्रष्टाचार तत्काल रोक्नुपर्ने बताए ।

अब भ्रष्टाचारीलाई जनताबाटै जनकारबाही शुरु गरिसकेकोले यसमा सबैको सहयोग आवश्यक रहेकोले देशको विकास र सुशासनका लागि जनमत पार्टी स्थापना भएको उनले उल्लेख गरे ।

कार्यक्रममा जनमत पार्टीका उपाध्यक्ष मो.अब्दुल खानले मधेसी जनताको अधिकार प्राप्त गर्न अगामी निर्वाचनमा जनमत पार्टीका उम्मेदवारलाई विजयी गराउन आग्रह गरे ।

जनमत पाटी कंचनरुप नगर समितिका अध्यक्ष अनिल पंजियारको अध्यक्षतामा आयोजित कार्यक्रममा जिल्ला सह-सचिव शिवनन्दन मेहता, नेता ईन्द्रदेव कौडरिया, उमेश दास, मो. समिम शेख, बिशेश्वर मेहतालगायतले सम्बोधन गर्दै भ्रष्टाचारीहरुलाई जनकारवाही गर्ने चेतावनी दिए ।



# बाढीले पुल भत्काएपछि आवागमन ठप्प

**राजविराज** / सप्तरीको हनुमाननगर कंकालिनि नगरपालिका अन्तरगत पर्ने बेल्ही-मल्हनिया सडकखण्डको पुल बाढीले भत्काएपछि अहिले सो सडक खण्डको आवागमन पूर्ण रुपले ठप्प भएको छ ।

गत कात्तिक १ गतेदेखी तीन दिनसम्म भएको अविरल वर्षाका कारण आएको बाढीले उक्त पुल र सडकको १५ मिटरजति भाग बगाएको थियो ।

बेल्हीस्थित राजविराज भन्सार

*बाँकी अन्तिम पृष्ठमा*

# दैनिक उपभोग्य सामाग्रिहरुमा अत्याधिक मुल्य बृद्धि

**राजविराज** / बजारमा दैनिक उपभोग्य सामाग्रिहरुमा अत्याधिक मुल्य बृद्धि भएको छ । जसकारण उपभोक्ताहरु मर्कामा परेका छन् । पछिल्लो समय पेट्रोल, डिजल, मट्टितेल, खाना पकाउने ग्यास, खाद्यान्न, औषधी, लत्ताकपडासमेतमा मुल्य निरन्तर बढ्दै गएको छ । तर, सम्बन्धीत निकायले ध्यान दिन सकिरहेको छैन् ।

यता बजार अनुगमन समितिले यसको नियन्त्रणका लागि कुनै प्रयास गरेको छैन् । मात्र अनुगमनको नाममा पसल पसल गएर म्याद गुज्रिएका सामानहरु बरामद गरिरहेको छ । यस्ता कार्यले अनुगमनलाई झनै विवादमा पारेको छ । कीन भने अनुगमन समितिको क्षेत्र भनेको मुल्य बृद्धि समेतलाई नियन्त्रण गर्नु हो ।

यसका लागि समितिले पसलमा मात्र नगएर उपभोक्ता समेतको गुनासो सुन्नु आवश्यक छ । गुनासोको आधारमा गरिने अनुगमनले सार्थकता पाउने कुरामा दुई मत नहोला ।

यसअघि दशैंको बेला अनुगमन समितिले अग्रसरता देखाएको थियो । तिहारको नजिकिदै जाँदा पुनः अनुगमन समितिले म्याद गुज्रेका र अखाद्यय बस्तु नियन्त्रणमा लिई नष्ट गर्ने तथा दर्ता नभई संचालनमा रहेका पसल र उद्योगका संचालकलाई

*बाँकी पाँच पृष्ठमा*

राष्ट्रिय जनगणना २०७८
मेरो गणना-मेरो सहभागिता

आगामी कात्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म जनगणना गर्न सबैको घरमा गणकहरु आउँदै हुनुहुन्छ । जनगणनाको पहिलो चरणको सुचीकरण अभियानमा समावेश भएका वा छुटेका सबै परिवारले गणकहरुलाई आ-आफ्नो विवरण लेखाऔं।

जनगणनाबाट प्राप्त तथ्याङ्कले संविधानमा व्यवस्था भएका मौलिक हक अधिकार कार्यान्वयनको मूल्यांकन गर्न र लोककल्याणकारी कार्यक्रम सञ्चालन गर्न मद्दत पुग्दछ।

गणना गर्ने अवधिः कात्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म

नेपाल सरकार
विज्ञापन बोर्ड

कालो ढुसी (म्यूकरमाइकोसिस) सम्बन्धी जान्नै पर्ने कुरा

कोभिड-१९ भएका बिरामीमा आँखा, नाक र अनुहार बिगार्ने कालो ढुसीको संक्रमण नेपालमा अहिले केही मानिसमा पुष्टि भएको छ। यो संक्रमण विरलै देखिन्छ तर संक्रमण गम्भीर भए प्राणघातक पनि हुनसक्ने भएकोले समयमा नै ध्यान पुऱ्याउनु आवश्यक छ।

कालो ढुसीका सामान्य प्रारम्भिक लक्षणहरू




उच्च जोखिम भएकाहरु

- कोभिड-१९ उपचारका क्रममा स्टेरोइड प्रयोग गरेका व्यक्तिहरु
- चिकित्सकको सल्लाह बिना एन्टिबायोटिक वा अन्य औषधीको जथाभावी प्रयोग गर्नेहरु
- मधुमेह भएका वा शरीरको रोग प्रतिरोधात्मक क्षमता कमजोर भएकाहरु

घरमा आइसोलेसनमा बस्दा अपनाउन सकिने रोकथामका उपायहरू

- सफा र सुरक्षा मास्क प्रयोग गर्ने, डिस्पोजेबल मास्कको पुनः प्रयोग नगर्ने
- नियमित रुपमा हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने
- व्यक्तिगत सरसफाईमा ध्यान दिने
- घर बाहिर वा फोहरमा काम गर्नु परे डिस्पोजेबल पन्जाको प्रयोग गर्ने
- धेरै धुलो भएको र ओसिलो ठाउँमा नजाने
- नुनिलो पानीले नाक सफा गर्ने
- पोभिडोन आयोडिन भएको तरल पदार्थले घाँटी र मुख कुल्ला गर्ने
- मधुमेह भएका बिरामीले सुगर नियन्त्रणमा राख्ने
- स्वास्थ्यकर्मीको सल्लाहमा मात्रै औषधी प्रयोग गर्ने

यो कोरोना जस्तो एक मानिसबाट अर्को मानिसमा सर्दैन

राजगढ गाउँ कार्यपालिकाको कार्यालय
सप्तरी

## सम्पादकीय

# अस्पतालमा आइसियु र भेन्टिलेटर संचालनका दबाब दिऔं

एक मात्र सरकारी अस्पताल गजेन्द्र नारायण सिंह अस्पतालमा झण्डै एक वर्ष बित्न लाग्दा पनि आइसियु र भेन्टिलेटर जडान हुन सकेको छैन् । जसको अभावमा बिरामीहरु बाहिर जान बाध्य भएका छन् । लामो प्रयासपश्चात् अस्पतालमा आइसियु र भेन्टिलेटर आइसकेको छ तर त्यसलाई जडान गरि संचालन गर्नेतर्फ अस्पताल प्रशासनको ध्यान पुग्न सकेको छैन् ।

यता अस्पताल प्रशासनले ती सेवाहरु सुचारुका लागि दक्ष जनशक्तिको अभाव रहेको बताउँदै आएपनि जनशक्तिका लागि पहल गर्न नसक्नु प्रशासनको कमजोरी हो । करोडो मुल्य बराबरको उपकरण अस्पतालमा थन्किएको छ । यसतर्फ अन्य निकायको ध्यान जान नसक्नुले अस्पतालको स्तरोन्नतीमा बाधा पुगेको छ । यसअघि विगत लामो समयपछि अस्पतालको केही स्तरोन्नतरी भएको छ । विगत भन्दा अहिले वर्तमान समयमा अस्पतालमा अन्य रोगका केही दक्ष जनशक्ति आएका छन् । जसकारण कुनै जटिल प्रकृतीका बिरामी बाहेक अन्य बिरामीहरु उपचार यही सम्भव रहेको छ ।

कोरोना महामारीको समयमा सबै भन्दा बढी आवश्यक आइसियु र भेन्टिलेटर कै हुनेगरेको छ । भाइरस संक्रमित सामान्य बिरामी आइसोलेशनबाटै निको हुन्छन् भने केही गम्भिर प्रकृतिका बिरामीलाई आइसियु र भेन्टिलेटरमा राख्नु पर्ने हुन्छ । अस्पतालमा चार वटा भेन्टिलेटर रहेपनि जडान हुन सकेको छैन् ।

लामो प्रयासपछि अस्पतालले आफ्नो छबीलाई सुधार गरेको छ । तर, अहिले पनि अस्पतालमा आइसियु र भेन्टिलेटर रहेको छैन् । जसकारण बिरामीलाई धरान र बिराटनगर बाध्य भएर जानु परेको छ ।तसर्थ सम्बन्धीत निकायहरुले उपलब्ध उपकरणहरुलाई जडान गरि जनशक्तिको परिपूर्ती गरेर बिरामीलाई सेवा दिन तत्परता देखाउनु अतिनै आवश्यक छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझ्पन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# न्यायपालिकाभित्रको आन्दोलनसित जोडिएका समस्याहरू

**मोहनविक्रम सिंह**



आज प्रधानन्यायाधीश र सर्वोच्च अदालतबारे गम्भीर प्रकारको विवाद उब्जिरहेको छ । त्यो विषयलाई २ प्रकारका कोणबाट हेर्नुपर्ने आवश्यकता छ । प्रथम, सम्पूर्ण न्यायपालिकामा सुधारका दृष्टिकोणले, र द्वितीय, प्रतिगमनका विरुद्ध संघर्षका दृष्टिकोणले । अहिले सम्पूर्ण न्यायपालिकामा नै गम्भीर प्रकारका अनियमितता वा असङ्गतिहरू देखा परेका छन् । तिनीहरूमा सुधारका लागि आवाज उठ्नुका साथै आन्दोलन पनि उठिरहेको छ । हामीले यो कुरामा जोड दिन्छौँ कि त्यो आन्दोलन तार्किक निष्कर्षमा पुगोस् । देशमा लोकतन्त्र र संविधानको रक्षा तथा प्रतिगामी उद्देश्यहरूको पूर्तिका विरुद्ध सर्वोच्च अदालत ठूलो किल्ला बनेर बनेर उभिएको छ । त्यही कारणले नै संसदलाई विघटन गर्ने ओली सरकारका २/२ पल्टका प्रयत्न तथा देशलाई प्रतिगमन वा अधिनायकवादको दिशामा लैजाने प्रयत्नहरु असफल भएका थिए र ओली सरकार पनि अपदस्थ भएको थियो । सर्वोच्च अदालतको परमादेशबाट ओली सरकार पनि अपदस्थ भएको थियो र गठबन्धनको सरकार सत्तामा आएको थियो ।

वर्तमान प्रधानन्यायाधीशको कार्यशैलीप्रति हाम्रो सुरुदेखि नै विरोध रहँदै आएको छ । त्यस सन्दर्भमा न्यायाधीशहरूको सुनुवाइको सन्दर्भमा राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले चोलेन्द्र शमशेर जबराको नियुक्तिका विरुद्ध अन्तसम्म अडान लिएको कुरा विशेष रूपले उल्लेखनीय छ । न्यायाधीश वा प्रधानन्यायाधीशमा नियुक्तिपछि पनि उनले जुन प्रकारको कार्यशैली अपनाउँदै आएका छन् वा फैसला दिदैँ आएका छन् त्यसप्रति हाम्रो गम्भीर आपत्ति रहँदै आएको छ ।

सर्वोच्च अदालतभित्रका विकृति र असङ्गतिहरू चोलेन्द्र शमशेर आएपछि मात्र सुरु भएका होइनन् । उनी आउनु भन्दा पहिले पनि त्यस प्रकारका असङ्गतिहरू सर्वोच्च अदालतमा व्याप्त थिए । त्यसैले तिनीहरुमा सुधारको गम्भीर सुधारको आवश्यकता छ । त्यसैले न्यायपालिकामा त्यस प्रकारका विकृतिहरू र असङ्गतिहरूका विरुद्धको कुनै पनि आन्दोलनलाई हामीले दृढतापूर्वक समर्थन गर्दछौँ ।

प्रधानन्यायाधीश चोलेन्द्र शमशेरप्रतिको कार्यशैलीप्रति हाम्रो जतिसुकै विरोध भएपनि तत्काल हामीले उनको राजीनामाको माग गरिरहेका छैनौँ । त्यससित जोडिएको राजनीतिक पक्षमाथि ध्यान दिएर नै हामीले त्यस प्रकारको माग गरेका छैनौँ । त्यससित जोडिएको राजनीतिक पक्ष भन्नुको अर्थ हो । प्रथम, संसदको पुनर्स्थापना गर्न र ओली सरकारलाई अपदस्थ गर्न प्रधानन्यायाधीशको नेतृत्वमा संवैधानिक इजलासले गरेको फैसला । द्वितीय,त्यो फैसलाका विरुद्ध ओलीले लगातार गर्दै आएको प्रहार, उनले यो कुरामा जोड दिँदै आइरहेका छन् कि त्यो फैसलाका लागि ओली मात्र जिम्मेवार छैनन् । त्यो संवैधानिक इजलासमा भएका सबै न्यायाधीशहरू जिम्मेवार छन् । त्यसैले अहिले प्रधानन्यायाधीशको मात्र बर्हिगमन होइन,त्यो फैसलामा सामेल भएका संवैधानिक इजलासका सबै न्यायाधीशहरूले राजीनामा दिनुपर्दछ भन्ने कुरामा उनीहरुले जोड दिइरहेका छन् । उनको संवैधानिक इजलासका सबै न्यायाधीशहरुलाई हटाउने माग न्यायपालिकाको कार्य प्रणालीमा सुधार गर्ने विचारले होइन, प्रतिगामी उद्देश्यद्वारा नै निर्देशित छ । त्यसरी उनले दुईवटा उद्देश्यहरू पुरा गर्न चाहान्छन् । प्रथम, उनको सरकार सही र संवैधानिक थियो । द्वितीय,परमादेशद्वारा कायम भएको सरकार गलत र असंवैधानिक छ ।

त्यसरी प्रधानन्याधीशको राजिनामोको माग अन्य कैयौँ गम्भीर प्रकारका राजनीतिक प्रश्नहरुसित जोडिएको छ । त्यसलाई बेग्लै प्रश्नको रुपमा हेर्न मिल्दैन । त्यसैले तत्कालका लागि हामीले प्रधानन्यायाधीशको कार्यशैली पहिलेदेखि नै जतिसुकै गलत रहँदै आएको भएपनि तत्कालको सन्दर्भमा उनको राजीनामाको माग गर्नु हामीले उचित ठानेका छैनौँ । किनभने त्यसबाट प्रतिगामीहरुको प्रधानन्यायाधीशका साथै संवैधानिक इजलासका सबै न्यायाधीशहरू तथा गठबन्धनको सरकारलाई हटाउने प्रतिगामी मागलाई पनि मद्दत पुग्ने छ ।

चोलेन्द्र शमशेरप्रति हाम्रो अत्यन्त कडा विरोध रहँदै आएको भएपनि तत्काल उनको राजीनामाको माग नगर्ने हामीले जुन नीति अपनाएका छौँ, त्यो नीति पहिलेदेखिको हाम्रो राजनीतिक अभ्यास अनुरुप नै छ । हामीले पहिले पनि तीब्र वा कडा भन्दा कडा विरोध भएका कतिपय पक्षहरूसित पनि कुनै खास बेलाको आवश्यकता अनुसार उनीहरूका कतिपय नीति वा कार्यहरुको समर्थन गर्ने, एकता गर्ने वाउनीहरूका विरुद्ध संघर्षको सट्टा मैत्रीपूर्ण नीति अपनाउने पनि गरेका थियौँ । त्यस सन्दर्भमा राजा महेन्द्रका कोदारी राजमार्ग र पूर्व-पश्चिम राजमार्गका कार्यहरूलाई हामीले समर्थन गरेको उदाहरण उल्लेखनीय छ । तर त्यसको अर्थ राजाको चरित्रलाई हामीले समर्थन गरेका थियौँ वा उनीप्रति सम्झौतापरस्त नीति अपनाएका थियौँ भन्ने होइन ।

नेकासित हाम्रो तीब्र प्रकारको विरोध वा संघर्षको लामो इतिहास थियो । तर निरकुंश राजतन्त्र र पञ्चायती तानाशाही विरुद्धको सङ्घर्षमा हामीले त्योसित सहकार्य पनि गरेका थियौँ । त्यसरी नै ओलीको प्रतिगमनका विरुद्ध राष्ट्रिय जनमोर्चाले नेकपा ( माओवादी केन्द्र), अहिलेको नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी र नेपाली काँग्रेससित गठबन्धन गरेको थियो । अहिले पनि गठबन्धनमा भएका अन्य सबै पक्षहरूसित हाम्रा गम्भीर प्रकारका मतभेदहरू छन् । त्यसैले, हामीले सरकारमा जान अस्वीकार गरेका छौँ । तर त्यस प्रकारका मतभेदहरूका बावजुद पनि गठवन्धनसितको कार्यगत एकता कायम छ । प्रतिगमन विरुद्धको सङ्घर्षलाई अगाडि बढाउनको लागि त्यो एकतालाई कायम राख्ने कुरामा हाम्रो जोड छ । त्यही प्रकारले वर्तमान न्यायाधीशको सम्पूर्ण कार्यशैलीप्रतिको हाम्रो विरोध भएपनि, प्रथम, ओलीको प्रतिगमनका विरुद्ध उनले दिएको फैसला र, द्वितीय, उनको राजीनामासित जोडिएका अन्य कैयौँ सम्भावित अवाञ्छित परिणामहरू माथि ध्यान दिँदै अहिले

*बाँकी तीन पृष्ठमा*



तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

*न्यायपालिकाभित्रको ...*

हामीले उनको राजीनामाको माग गरिरहेका छैनौं ।

संसदको पुनर्स्थापना वा ओली सरकारलाई अपदस्त गर्न सर्वोच्च अदालतले जुन फैसला दियो, त्यसका पछाडि प्रधानन्यायाधीशको बेग्लै नियतले काम गरेको ता थिएन ? उनले आफ्ना इच्छाका विरुद्ध संवैधानिक इजलासका अन्य न्यायाधीशहरूको दबाबमा परेर त्यस प्रकारको फैसला दिन बाध्य भएका ता थिएनन् ? त्यो काणबाट पनि प्रश्नहरू उठ्ने गरेका छन् । तर निर्णायात्मकमहत्वको प्रश्न कसैको आन्तरिक नियत के थियो भन्ने होइन मुख्य विचारणीय प्रश्न परिणामको हो । प्रधानन्यायाधीशको मनको कुरा जे भएपनि त्यो फैसला उनको नेतृत्वमा नै भएको थियो । त्यसैले त्यो फैसलासँग मेल नखाने उनको कुनै व्यवहार अगाडि नआउँदासम्म उनलाई त्यो फैसलाबाट फरक गरेर सोच्नु वा उनी त्यसका विरुद्ध थिए भनेर सोच्नु सही हुने छन् । निश्चय नै परिस्थितिमाथि हामीले लगातार ध्यान दिइराख्नु पर्दछ । उनले प्रतिगमनलाई मदत पु(याउने प्रकारको कुनै काम गरेमा उनीप्रति बेग्लै नीति अपनाउनुपर्ने आवश्यकतालाई पनि हामीले अस्वीकार गर्न सक्दैनौं । तर अहिलेको वास्तविकता यो हो कि उनले ओलीको प्रतिगमनका विरुद्ध फैसला दिएका थिए र त्यो फैसलाबाट लोकतन्त्र र संविधानको रक्षाको लागि ऐतिहासिक योगदान पुगेको थियो ।

त्यो कारणले ओलीले उनीमाथि लगातार आक्रोश पोख्नुका साथै उनले संवैधानिक इजलासका सबै न्यायाधीशहरूका विरुद्ध आक्रोश पोखिरहेका छन् । उनीहरूले प्रधानन्यायाधीश मात्र होइन, 'परमादेश' दिने सबै न्यायाधीशहरूले राजीनामा दिनुपर्ने कुरा उठाइरहेका छन् । एमाले संसदीय दलका प्रमुख सचेतकले प्रधानन्यायाधीशका साथै संवैधानिक इजलासका सबै न्यायाधीशमाथि महाभियोग लगाउन सकिने कुरा पनि बाहिर ल्याएका छन् । त्यस सिलसिलामा गठबन्धनको सरकारले प्रधानमन्त्री शेरबहादुर नेतृत्वको सरकाले समेत राजीनामा गर्नुपर्ने कुरामा जोड दिइरहेका छन् । बताइरहनुपर्ने आवश्यकता छैनकि सर्वोच्च अदालतले संसदको विघटन वा प्रतिगमनका विरुद्ध ऐतिहासिक फैसला गरेको र, त्यसरी, लोकतन्त्र, संविधान र संसद समेतको रक्षा गरेको हुनाले त्यस प्रकारका प्रतिशोधात्मक विचारहरू अगाडि आउने गरेका छन् । त्यसरी अहिले प्रधानन्यायाधीशको राजीनामाको प्रश्न उनको व्यक्तिगत प्रश्न नभएर, त्यो देशको गम्भीर राजनीतिक प्रश्न बन्न गएको छ । त्यसैले समग्र रूपमा अहिलेका प्रधानन्यायाधीशको विगत र उनको कार्यप्रणाली जतिसुकै गलत भएपनि प्रतिगमनका विरुद्ध उनको नेतृत्वमा भएको साहसिलो कदमका कारणले प्रतिगामीहरूले उनीमाथि आक्रमण गरिरहेको र उनलाई लखेटिरहेको अवस्थामा हामीले उनीमाथि आक्रमण गर्नु सही हुन्न भन्ने हाम्रो विचार रहेको छ । तर त्यसको अर्थ निश्चय नै उनको राजीनामाको माग गरेर जुन संघर्ष भैरहेको छ, त्यसका २ वटा पक्षहरु छन् । प्रथम, प्रतिगामी शक्तिहरुले उनको नेतृत्वमा प्रतिगमनका विरुद्ध फैसला भएको हुनाले नै उनको राजीनामाको माग गरिरहेका छन् । द्वितीय, उनको गलत प्रकारको कार्यशैली र सर्वोच्चमा भएका विकृति र असंगतिहरुमा पनि नेतृत्वदायी भूमिका उनको नै भएको हुनाले न्यायप्रेमी पक्षद्वारा पनि उनको राजीनामाको माग भैरहेको छ । ती दुबै पक्षका बिचमा मौलिक अन्तर छ । हामीले ती दुबै पक्षहरुलाई एकै ठाउँमा राखेर विचार गर्दैनौं ।

वास्तवमा प्रतिगामी शक्तिहरूले अहिले प्रधानन्यायाधीशको कुरा उठाएर त्यसको आडमा संवैधानिक इजलासका सबै सदस्यहरू र त्यसले दिएको फैसलाका सबै उपलब्धिहरुलाई उल्टाउन योजनाबद्ध प्रकारले प्रयत्न गरिरहेका छन् । त्यसैले हामीले प्रधानन्यायाधीशको राजीनामाको प्रश्नलाई एउटा बेग्लै र अलग विषयको रुपमा होइन, त्यस प्रकारको सम्पूर्ण राजनीतिक सन्दर्भसित नै जोडेर हेर्नुपर्ने आवश्यकता छ ।

उपर्युक्त कारणहरूमाथि दूरदर्शिता र गम्भीरतापूर्वक विचार गरेर नै अहिले हामीले प्रधानन्यायाधीशको राजीनामामा जोड दिइरहेका छैनौं । तर हाम्रो स्पष्ट र दृढमत छ कि प्रधानन्यायाधीश र न्यायपालिकाको सम्पूर्ण चरित्र र कार्यप्रणाली अत्यन्त असन्तोषजनक छ ।

खाली देशव्यापी रूपमा हुने सबै अन्यायपूर्ण कार्यहरुको निरुपण गर्ने मात्र होइन, संविधानको रक्षा र व्याख्याको अन्तिम अधिकार पनि सर्वोच्च अदालतलाई नै छ । त्यो अवस्थामा सर्वोच्च अदालतमा देखा पर्ने कुनै पनि प्रकारका विसङ्गति वा कुनैपनि गलत प्रकारको कार्यशैली भएको न्यायाधीशको नियुक्तिबाट देशको सम्पूर्ण जनजीवन वा राज्य व्यवस्थामा नै गम्भीर प्रकारको असर पर्ने कुरा निश्चित छ । त्यसैले नै कामरेड चित्रबहादुर के।सी।ले चोलेन्द्र शम्शेर जस्तो व्यक्तिलाई सर्वोच्चको न्यायाधीशमा नियुक्तिको विरुद्ध अन्तसम्म सङ्घर्ष गर्नुभएको थियो । सुनुवाईको प्रारम्भमा अन्य पार्टीहरूका कतिपय नेताहरू पनि उनका विरुद्ध थिए । तर पछि सम्भवतः परस्परको कुनै गोप्य समझदारीका आधारमा उनीहरू चोलेन्द्र शमशेरका विरुद्धको अडानबाट पछाडि हटे । उनी ( चोलेन्द्र शम्शेर) सर्वोच्च अदालतको न्यायाधीश हुन पुगे । तर पछिको उनको सम्पूर्ण कार्यप्रणालीले वताउँछ, त्यो बेलाको केसीको अडान कति सही र दूरदर्शितापूर्ण थियो । तर अहिले हामीले चौतर्फी रूपमा उनको राजीनामाको माग उठिरहेको बेलामा पनि हामीले त्यो माग उठाइरहेका छैनौं । हाम्रो अहिलेको यो नीति पनि देशको तात्कालिक राजनीतिक परिस्थितिको गम्भीर प्रकारको विश्लेषणमाथि नै आधारित छ ।

गतकालमा हामीले लिने गरेका सबै निर्णयहरू अवश्य पनि सही रहने गरेका छैनन् र व्यवहारमा गलत सावित भएमा हामीले तिनीहरूलाई बदल्ने पनि गरेका छौं । अहिले चौतर्फि रुपमा प्रधानन्यायाधीशको राजीनामाको माग उठिरहेको बेलामा हामीले त्यो मागलाई समर्थन नगर्ने जुन नीति अपनाएका छौं, घटनाहरूको विकासले नै हाम्रो यो नीति गलत वा सही भएको फैसला गर्ने छ ।

अहिले हामीले प्रधानन्यायाधीशको राजीनामाको मागलाई समर्थन गर्ने निर्णय गरेका छैनौं । तर हाम्रो यो निश्चित मत छ कि उनी जस्ता व्यक्ति न्यायाधीश वा प्रधानन्यायाधीश बन्न हुँदैन । तर हाम्रो देशमा त्यस प्रकारका धेरै व्यक्ति न्यायाधीश वा प्रधानन्यायाधीशको पदमा पुग्ने गरेका छन । त्यसले गर्दा खाली अहिलेका प्रधानन्याधीश मात्र होइन, हाम्रो देशको सम्पूर्ण न्यायप्रणालीमा नै गम्भीर प्रकारका विकृतिहरु देखापर्ने गरेका छन् । अहिले हामीले प्रधानन्यायाधीशका विरुद्धको राजीनामालाई समर्थन गरेका छैनौं तर त्यसको अर्थ उनी प्रधानन्यायाधीशको लागि उपयुक्त व्यक्ति हुन भन्ने अवश्य पनि होइन । त्यसको कारण खाली यति मात्र हो कि उनको नियत जे भएपनि लोकतन्त्र र संविधानको रक्षा र प्रतिगमनका विरुद्ध उनले सही र साहसिलो निर्णय दिएका थिए र त्यो फैसलामाथि अहिले प्रतिगामी दिशाबाट कडा हमला भइरहेको छ । त्यसैले हाम्रो यो सोचाइ बनेको छ कि त्यो अवस्थामा उनीमाथि हमला गर्दा प्रतिगमनलाई नै मद्दत पुग्ने छ । त्यस प्रकारको प्रतिगामी हमला प्रधानन्यायाधीशमाथि मात्र नभएर त्यस प्रकारको फैसलाका लागि जिम्मेवार संवैधानिक इजलासका सबै न्यायाधीशहरूमाथि पनि भइरहेको छ ।

जेहोस, अहिले न्यायपालिकामा जुन प्रकारको आन्दोलन भइरहेको छ, नेपालको इतिहासमा पहिले कहिल्यै पनि त्यसप्रकारको आन्दोलन हुने गरेको थिएन । न्यायपालिकामा देखा परेका विकृतिहरूका विरुद्ध भइरहेको आन्दोलनलाई हामीले दृढतापूर्वक समर्थन गर्दछौं ।

प्रधानन्यायाधीश सम्बन्धी विवाद यही रूपमा लामो समयसम्म रहने छैन र अन्तमा कुनै न कुनै रूपमा त्यसको टुङ्गो लाग्ने छ । तर प्रधानन्यायाधीशको कुरा टुङ्गो लागेपछि अहिले उठेको आन्दोलन पनि समाप्त हुन्छ भने त्यो अवश्य पनि सही हुने छैन । अहिलेको आवश्यकता यो छ कि न्यायपालिकामा देखा परेका विकृतिमा सुधार गर्नको लागि त्यो आन्दोलन सफल होस । खालि प्रधानन्यायाधीशको अहिलेको विवाद ढुङ्गेपछि त्यो आन्दोलन पनि टुङ्गियो भने त्यसको (त्यो आन्दोलनको) औचित्यबारे पनि प्रश्न उठ्ने छ ।

यो आम रूपमा स्वीकृत भएको विषय हो कि हाम्रो देशको न्यायपालिकामा गम्भीर प्रकारका त्रुटिहरु रहँदै आएका छन् । त्यस सिलसिलामा विचौलियाहरुको प्रश्न धेरै नै उठ्ने गरेको छ । विचौलिया भन्नुको अर्थ ती मान्छेहरू हुन्छन्, जसले झगडिया र न्यायाधीशहरूका बीचमा मध्यस्थता गरेर न्यायको व्यापार गर्दछन । त्यसपछि न्यायाधीशहरूले कानुन वा न्याय, अन्यायको निरुपण गरेर होइन,विचौलियाहरूद्वारा भएको लेनदेन-भ्रष्टाचारका आधारमा फैसला गर्दछन् ।

मुद्दाहरूको पेसीको प्रश्न पनि सर्वोच्च अदालतको एउटा गम्भीर प्रश्न भएको छ । अहिले प्रधानन्यायाधीशले नै मुद्दाहरूको पेसीका लागि बेन्च निश्चित गर्ने चलन छ । यो बताइन्छ कि त्यो पद्धति स्वयंमा गलत छैन र प्रधानन्यायाधीशलाई त्यस प्रकारको विशेष अधिकार दिँदा न्यायोचित फैसलाका लागि मद्दत पुग्दैछ । त्यसैले संसारका कैयौं देशहरूमा प्रधानन्यायाधीशलाई त्यस प्रकारको विशेष अधिकार पनि दिने गरिन्छ । तर त्यही प्रणाली पक्षपातपूर्ण र भ्रष्ट तरिकाले अपनाइयो भने त्यसबाट अन्यायलाई नै मद्दत पुग्ने गर्दछ । नेपालमा त्यही स्थिति उत्पन्न भएको छ । त्यसैले पेसीको त्यो प्रणालीलाई स्वचालित वा गोला प्रथाद्वारा निर्धारण गर्ने कुरा उठिरहेको छ र अहिलेको प्रधानन्यायाधीशद्वारा पेशी तोक्ने अभ्यासलाई बदल्नुपर्ने आवश्यकता भएको छ ।

न्यायपालिकामा भएका त्यस प्रकारका विभिन्न प्रकारका असङ्गति, विकृति वा अनियमिततामा छानविन गर्नका लागि न्यायाधीश हरिकृष्ण कार्कीको नेतृत्वमा एउटा छानविन समिति बनेको थियो । त्यो समितिले दिएको प्रतिवेदनमा ता कतिपय न्यायाधीश वा अधिवक्ताहरूले पनि विचौलियाको काम गरेको भनिएको छ । त्यसरी विचौलियाहरूको कारणले न्यायपालिका पूरै ता नभनौं, किनभने सबै न्यायाधीश वा अधिवक्ताहरूले त्यसो गर्दैनन् होला, तर धेरै हदसम्म न्यायालय भ्रष्ट बन्न गएको छ । त्यसैले त्यो व्यवस्थाका विरुद्धको संघर्ष राष्ट्रिय आवश्यकता भएको छ । के अहिले न्यायपालिकाभित्र चलिरहेको आन्दोलन त्यो अवस्थामा सुधारको लागि सफल हुन सक्नेछ ? त्यो गम्भीर प्रश्न हो । त्यसमाथि नै सर्वोच्च अदालत सक्षम र स्वतन्त्र बन्न सक्नेछ वा छैन त्यो कुरा निर्भर गर्नेछ । हामीले हरिकृष्ण कार्कीको प्रतिवेदनलाई लागू गर्नुपर्ने आवश्यकतामा जोड दिन्छौं । हामीलाई आशा छ त्यसो गरिएमा पनि न्यायपालिकाका कतिपय-असङ्गति र विकृतिहरू हट्न सक्नेछन । त्यसका साथै हामीले प्रधानन्यायाधीशका विरुद्ध आएका कतिपय आरोपहरुबारे पनि छानविन गर्नुपर्ने आवश्यकतामा जोड दिन्छौं ।

न्याय प्रणालीमा राजनीतिक हस्तक्षेप वा भागवण्डा पनि न्यायपालिकाको अहिलेको एउटा गम्भीर समस्या हो । त्यसले गर्दा नै अहिले न्यायपालिकाको निष्पक्षता र स्वतन्त्रतामा धेरै नै आँच पुग्ने गरेको छ । त्यसकारण त्यस प्रकारका समस्याहरूको समाधानका लागि पनि गम्भीर ध्यान दिनुपर्ने आवश्यकता छ ।

हामीले कुनैपनि बेला कुनैपनि प्रकारको स्वार्थ वा प्रलोभनका आधारमा होइन, देश र जनताको सम्पूर्ण हित वा सम्बन्धित समस्याको वस्तुगत पक्षको यथार्थ विश्लेषण गरेर नै निर्धारित गर्ने गर्दछौं । उदाहरणको लागि, हामीले गणतन्त्र, राष्ट्रियता र धर्मनिरपेक्षताको रक्षा र तिनीहरूका विरुद्ध प्रतिगामी वा साम्राज्यवादी शक्तिहरूबाट सम्भावित खतरामाथि ध्यान दिएर नै हामीले त्यो बेलाको नेकपाको ओली सरकारलाई समर्थन गरेका थियौं । तर ओली सरकारले संसदको विघटन गरेर प्रतिगामी दिशा समात्ने वित्तिकै हामीले त्यसलाई दिएको समर्थन फिर्ता लिएका थियौं । हामीले ओली सरकारलाई दिएको समर्थन विना दुविधा तुरुन्त किन फिर्ता गर्न सकेका थियौं भने हामीले त्यो सरकारलाई दिएको समर्थन कुनै सिद्धान्तहीन वा अराजनीतिक प्रकारको सम्बन्ध वा नाजायज प्रकारको लेनदेन माथि आधारित थिएन । त्यही प्रकारले प्रधानन्यायाधीशको राजीनामासित जोडिएका कैयौं अवाञ्छित प्रकारका सम्भावना वा परिणाममाथि ध्यान दिएर नै तत्काल प्रधानन्यायाधीशको राजीनामाको मागलाई हामीले समर्थन नगरेको भएपनि परिस्थितिमा हुने परिवर्तन अनुसार आवश्यक भएमा अहिलेको नीतिमा परिवर्तन गरेर प्रधान न्यायाधीशको राजीनामाको माग वा उनका विरुद्ध महाअभियोग लगाउने विषयमा पनि विचार गर्नका लागि हाम्रो ढोका खुला रहनेछ । तर त्यस प्रकारको कुनैपनि निर्णय हामीले परिस्थिति माथि वस्तुवादी विश्लेषण गरेर नै वा त्यस प्रकारको निर्णय देश र जनताका लागि सही हुनेछ भन्ने निष्कर्षमा पुगेपछि नै गर्नेछौं वा गर्न सक्नेछौं । तर अहिलेसम्मको स्थितिमाथि विचार गर्दा हामीले प्रधानन्यायाधीशको राजीनामाको माग गर्नुलाई सही ठानेका छैनौं, किनभने त्यसका कतिपय गम्भीर र अवाञ्छित परिणाम हुन सक्ने आशंकातिर हाम्रो ध्यान छ ।

हामीले माथि न्यायपालिकाबारे जुन विचार प्रकट गरेका छौं, ती विचार विद्यमान राजनीतिक व्यवस्था अन्तर्गतको सीमाभित्र रहेर नै प्रकट गरेका छौं । तर हाम्रो यो स्पष्ट र दृढ विचार छ कि वर्तमान अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्था अन्तर्गतको राजनीतिक व्यवस्थामा न्यायपालिका वास्तविक अर्थमा स्वतन्त्र र निष्पक्ष हुन नै सक्दैन । त्यसको मुख्य काम निष्पक्ष रूपले जनतालाई न्याय दिने वा उनीहरूका न्यायपूर्ण अधिकारको रक्षा गर्ने होइन, प्रतिक्रियावादी वर्ग वा शक्तिहरूका स्वार्थको संरक्षण गर्ने नै हुन्छ । त्यही प्रकारका संविधान वा कानुन पनि बनेका छन् । त्यसकारण त्यो सिमा भन्दा बहिर जानु विद्यमान न्यायपालिकाकालागि सम्भव हुन्न । त्यही कुरा सम्पूर्ण संसदीय व्यवस्थाबारे पनि सत्य हो । संसदीय प्रणालीद्वारा जनताका आधारभूत समस्याहरूको समाधान वा देशको वास्तविक विकास सम्भव छैन । त्यो कार्य विद्यमान अर्धसामन्ती र अर्धऔपनिवेशिक व्यवस्थाको अन्त र नयाँ जनवादी व्यवस्था कायम भएपछि नै सम्भव हुनेछ । तैपनि विद्यमान व्यवस्थामा हामीले जनताका अधिक्तम हीत वा त्यसको अनुपयोगिता र व्यर्थतालाई सिद्ध गर्नका लागि राजनीतिक भण्डाफोरमा जोड दिनका लागि नै त्यसलाई उपयोग गर्ने नीति अपनाएका छौं । प्रकान्तरले हाम्रो त्यही प्रकारको नीति न्यायपालिकाप्रति पनि हुनेछ । वर्तमान व्यवस्था अन्तर्गत पनि न्यायपालिकाका विकृतिहरूलाई कम पार्न र त्यसलाई बढी भन्दा बढी स्वतन्त्र र निष्पक्ष बनाउनका लागि प्रयत्न गर्ने वा त्यो दिशामा उठेका सबै आवाज वा आन्दोलनहरूलाई समर्थन गर्ने हाम्रो नीति हुनेछ ।

न्यायपालिकामा देखा परेका विकृति, असङ्गति वा अनियमितताका विरुद्ध उठ्ने कुनै पनि आवाज वा आन्दोलनप्रति हामीले पूर्ण ऐक्यबद्धता प्रकट गर्दछौं । तर हाम्रो चिन्ताको विषय यो हो, त्यो आन्दोलन, एकातिर, ओलीको प्रतिगमनका विरुद्ध फैसला दिने सबै न्यायाधीशहरुको विरुद्ध र अर्कातिर कुनै पनि प्रकारले प्रतिगमनलाई मदत पुऱ्याउन दिशातिर उन्मुख नहोस् । त्यसतर्फ उच्च सतर्कता अपनाउनुपर्ने आवश्यकताप्रति हामीले सबै न्यायाधीश, अधिवक्ता वा न्यायप्रेमी जनताको ध्यान आकर्षित गर्न चाहान्छौं ।

रातोपाटीबाट



# भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. शाखा कल्याणपुर, सप्तरीको २१ दिने सूचना

मिति : २०७८/०७/१६

यस बैंकको तपसिलका कार्यालयहरुबाट तपसिल बमोजिमका व्यक्तिहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिईहालसम्म कर्जा नबुझाई भाखा नाघी र ब्याज बाँकी भई निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धीत कार्यालयले बारम्बार ताकेता गर्द पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धीत कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखीत मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा बित्तिय संस्था सम्बन्धीत ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली विनियमावली तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्रि वा अन्य व्यवस्था तथा कालो सूचीमा समावेश गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा समेत जानकारी गराउँदछौं । साथै तपशिल बमोजिमका व्यक्तिहरुलाई बैंकबाट कर्जा लिन मञ्जुरीनामा दिनेहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ ।

| क्र.सं | कर्जाग्राहीको नाम थर | ठेगाना | उदेश्य | बुवा | बाजे/पति | साँवा | ब्याज बांकी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्रीमति चुलिया देवी थरुनी | सूरुगा न.पा. १, पिप्रा | घरायसी कर्जा | मोहित लाल चौधरी | उचित लाल चौधरी | ८००००० | ३५४२१ | ८३५४२१ |
| २ | श्रीमति चुलिया देवी थरुनी | सूरुगा न.पा. १, पिप्रा | | मोहित लाल चौधरी | उचित लाल चौधरी | २००००० | ९८९२ | २०९८९२ |
| ३ | उपेन्द्र प्रसाद चौधरी | सूरुगा न.पा. १, पिप्रा | सरल कृषि कर्जा | शिवशंकर चौधरी | दरोगी चौधरी | ५००००० | २२००२ | ५२२००२ |
| ४ | नविन कोल्ड सेण्टर (प्रो. सवुर लाल सरदार) | शम्भुनाथ ३, ट्राफिक चौक | व्यपार कर्जा | अवधलाल सरदार | बछु लाल सरदार | ८००००० | १९७१८ | ८१९७१८ |
| ५ | जय माता जी जेनरल स्टोर(प्रो. जगरनाथ झा) | सुरुंगा ३, लक्ष्मीपुर | व्यपार कर्जा | मुखदेव झा | जगधर झा | १५००००० | ४७६१९ | १५४७६१९ |
| ६ | संजय जनरल स्टोर (प्रो.संजय कुमार चौधरी) | खडक न.पा. ५, खडचुहिया) | व्यपार कर्जा | चन्देश्वर चौधरी | वनारसी चौधरी | १०००००० | २७००० | १०२७००० |
| ७ | नारायण प्रसाद साह | सुरुंगा १०, पटेर्वा | घरायसी कर्जा | नथर साह | सीताराम साह | ४००००० | १५१०० | ४१५१०० |
| ८ | देवराज चौधरी | शम्भुनाथ ७, भगवतपुर | व्यापार कर्जा | सवुर लाल चौधरी | मुनर लाल चौधरी | ५००००० | ८२०० | ५०८२०० |
| ९ | समृद्धि कृषि तथा बाखापालन फर्म (प्रो.दिलिप कुमार चौधरी) | सुरुङगा न.पा. ४,मधुपटी | बाखापालन कर्जा | नन्द लाल चौधरी | कारी चौधरी | ७००००० | २३५०० | ७२३५०० |
| १० | सकिल जनरल स्टोर (प्रो.सकिल अहमद) | खडक ७, सारस्वर | व्यापार कर्जा | मो.इदरिश हुसेन | नुराइ मिया | २०००००० | ५२००० | २०५२००० |
| ११ | जालो कुजर्नी | खडक न.पा. ३, वनरझुला | सरलकृषि कर्जा | मो.बिलट मिया | मो. मुस्तकिम मिया | १०००००० | १७५०० | १०१७५०० |
| १२ | कृष्ण प्रसाद साह | सुरुंगा न.पा. १०, पटेर्वा | सरल कृषि कर्जा | बुधन साह | सुखी साह | १०००००० | २३५०० | १०२३५०० |
| १३ | पार्वती देवी चौधरी | शम्भूनाथ न.पा.३, नरही | सरल कृषि कर्जा | महिकर चौधरी | महेश प्रसाद चौधरी | ४५०००० | ११००० | ४६१००० |
| १४ | मनोज कुमार रसाइली | सुरुंगा ४, कनकपुर | सरल कृषि कर्जा | रुद्र वहादुर वि.क. | फौद सिंह विश्वकर्मा | ६००००० | १३५०० | ६१३५०० |
| १५ | भागवत मंडल | सुरुङगा न.पा. ४, कदमाहा चौर्क | घरायसी कर्जा | फेकु मंडल | बुधु मंडल | ३२८००० | ९००० | ३३७००० |
| १६ | मुक्ति लाल चौधरी | सुरुंगा ७, हरिपुर | सरल कृषि कर्जा | खुशी लाल चौधरी | ढोढन चौधरी | १०००००० | २४१०० | १०२४१०० |
| १७ | हजरत मिया | खडक न.पा. ३, वनरझुला | सरल कृषि कर्जा | वरकत मिया | | १०००००० | २७५०० | १०२७५०० |
| १८ | जैनुदिन मिया | खडक न.पा. ७, कल्याणपुर वजार | सरल कृषि कर्जा | अजिमुदिन मिया | अवदुल मिया | १६६८००० | २९००० | १६९७००० |
| १९ | रामवति थरुनी | खडक न.पा. ७, कल्याणपुर | घरायसी कर्जा | मुखी चौधरी | सुदी लाल चौधरी | २००००० | ६५०० | २०६५०० |
| २० | सवुर लाल यादव | सुरुंगा ७, चकदह | घरायसी कर्जा | धनीया यादव | विकु यादव | १०००००० | २६००० | १०२६००० |
| २१ | युनुस मिया कुजरा | शम्भुनाथ ८, वैरयाही | घरायसी कर्जा | रसुल मिया | भौलोटन मिया | ३००००० | ७१०० | ३०७१०० |
| २२ | वर्षा कुमारी | खडक न.पा.८, विसनपुर | घरायसी कर्जा | गजेन्द्र राय यादव | नन्दकिशोर यादव | ७५०००० | २२००० | ७७२००० |
| २३ | सूर्य चौधरी थारु | सुरुंगा ५, कुशहा | सरलकृषि कर्जा | वहादुर चौधरी | कमल दास चौधरी | १०००००० | २६५०० | १०२६५०० |
| २४ | चन्देश्वर प्रसाद पैकरा | शम्भुनाथ ४, नरैया | घरायसी कर्जा | दिरिक लाल पैकरा | छिछरी पैकरा | ३००००० | ९००० | ३०९००० |
| २५ | राजो देवी थरुनी | खडक ५, रंजितपुर | घरायसी कर्जा | खुशी लाल चौधरी | ललकू चौधरी | १५०००० | ४५०० | १५४५०० |
| २६ | गणेश कुमार चौधरी | शम्भुनाथ ६, ट्राफिक चोक | घरायसी कर्जा | बुधु चौधरी | सुनर लाल चौधरी | ११८०००० | ३३५०० | १२१३५०० |
| २७ | सुगा देवी | शम्भुनाथ ४, नरैया (राजविराज) | घरायसी कर्जा | रवि चौधरी | कुन्जी लाल चौधरी | ६००००० | १९००० | ६१९००० |
| २८ | मो. सफि रहमान | खडक न.पा. ३, वनरझुला | सरलकृषि कर्जा | सोहानी मिया | दुखी मिया | १०००००० | २९५०० | १०२९५०० |
| २९ | नन्दी लाल चौधरी | शम्भुनाथ ३ नरही | घरायसी कर्जा | रवि लाल चौधरी | धनी लाल चौधरी | ३२५००० | ८००० | ३३३००० |
| ३० | भोलवी यादवनी | सुरुंगा न.पा. १०, सिस्वा | घरायसी कर्जा | रवि लाल यादव | धनिराम यादव | ९७५००० | २५५०० | १०००५०० |

**कृषि विकास बैंक लि.**
**शाखा कार्यालय, कल्याणपुर, सप्तरी**

# रम्पुरा मल्हनियामा बर्थिङ सेन्टर स्थापना

**राजविराज**/सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १४ स्थित रम्पुरा मल्हनियामा बर्थिङ सेन्टर स्थापना भएको छ । यो सँगै जिल्लामा बर्थिङ सेन्टरको संख्या ३२ पुगेको छ ।

एक कार्यक्रमबीच उक्त बर्थिङ सेन्टरको प्रदेश २ का सामाजिक विकास मन्त्री नवलकिशोर साहले उद्घाटन गरे । प्रदेश २ सरकारको सामाजिक विकास मन्त्रालयको १ करोड २० लाखको लागतमा अत्याधुनिक प्रविधिसहितको बर्थिङ सेन्टर संचालनमा आएको हो ।

उद्घाटन समारोहमा प्रमुख अतिथि मन्त्री साहले विगतमा आफ्नै ठाउँ बर्थिङ सेन्टर स्थापना भएपछि अब सुत्केरी ब्यथा लागेका महिलाको अस्पताल नपुग्दै ज्यान जाने अवस्था नआउने बताए ।

मन्त्री साहले प्रदेश सरकार स्वास्थ्य, शिक्षा, कृषि क्षेत्रका साथै मानव संशाधनको क्षमता अभिबृद्धिका लागि उपलब्ध साधन श्रोतले भ्याएसम्म सहयोग गरिरहेको र भविष्यमा पनि यस्ता कार्यलाई निरन्तरता दिने प्रतिबद्धता समेत जनाए ।

सोही कार्यक्रममा जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले जिल्लामा प्रसुती सेवाका लागि यो समेत गरि हालसम्म ३२ वटा बर्थिङ सेन्टर संचालनमा आइसकेको जानकारी दिदै अब सुत्केरी महिलाहरुलाई बाहिर जानु नपर्ने बताए ।

स्वास्थ्य चौकी नजिकै हनुमाननगर कंकालिनी नगरपालिकाले ६ कठ्ठा जग्गा निशुल्क उपलब्ध गराएपछि बर्थिङ सेन्टर संचालनमा सहज भएको वडा अध्यक्ष सत्यनारायण यादवले जानकारी दिए ।

हनुमाननगर कंकालिनी नरपालिकाका मेयर शैलेश साहले पालिकाले सर्वाधिक बजेट स्वास्थ्य, शिक्षा, कृषि र सडकमा बिनियोजन गरेको बताए ।

### *दैनिक उपभोग्य ...*

जरिवाना गर्ने काम तिब्र बनाए पनि सामाग्रिहरुको मुल्य नियन्त्रणका लागि कुनै ठोस पहल गर्न सकेको छैन् ।

स्थानिय उपभोक्त चन्दन यादवले इन्धनसहित खाने तेल, खाद्यान्न, लत्ताकपडा र तरकारी लगायतका बस्तुको निरन्तर मुल्य बढ्दै गएको तथा व्यापारीले मनोमानी मुल्य तोक्दा समेत यसलाई नियन्त्रणको पहल कुनै निकायबाट हुन नसकेको आरोप लगाए ।

खाद्यान्न सामाग्रिहरु मध्ये सबै भन्दा बढी हरियो सागसब्जी तथा तरकारीमा मुल्य निकै बढेको छ । अहिले बजारमा प्याज ८०, काउली २ सय, भान्टा १ सय ५०, परवल १ सय, आलु ६० प्रतिकिलो रहेको छ भने खानेतेल ३ सयदेखी ४ सय सम्म प्रति लिटर बिक्रि भइरहेको छ । यसैगरि तिहारलाई अतिआवश्यक चिनि, पिठो, मैदा, काजु, किसमिस, नरियल, छोकरा, ओखर, घर सजाउन प्रयोग गरिने रंगरोहन र बिद्युतिय सामाग्रि समेत बजारमा मुल्य मनपरी कायम गरिएको सर्वसाधारणले गुनासो गरेका छन् ।

बजार अनुगमन समितिले जनताको हितमा सही र सार्थक अनुगमन गरेर उनीहरुको विश्वास जित्नु पर्ने आवश्यकता रहेको छ । अनिमात्र जनता ठगिने प्रवृतीबाट मुक्त हुनसक्छन् ।

# कोशी पीडित समाजको साधारण सभा सम्पन्न

**राजविराज**/कोशी पीडित समाजले आफ्नो १८ औ साधारण सभा सम्पन्न गरेको छ । सप्तरीमा बाढी प्रभावित तथा बिपद क्षेत्रमा काम गर्ने यस संस्थाले बिपद ब्यबस्थापन न्युनिकरण गर्ने कार्यमा पु¥याएको योगदानको प्रशंसा समेत गरिएको छ ।

बुधबार आयोजित साधारण सभामा समाजका कार्यकारी निर्देशक देव नारायण यादबले आव ०७८/७९ को २ करोड ९९ लाख बराबरको अनुमानित कार्यक्रम सार्वजनिक गरे ।

संस्थाका कोषाध्यक्ष राम प्रकाश कुमरसनियाँले आव २०७७/७८ को २ करोड ६३ लाख २३ हजार ६ सय ६८ रूपैया बराबरको आय ब्यय सार्वजनिक गरे ।

संस्थाले सप्तकोशी, कंचनरूप, तिरहुत गाउपालिका, हनुमाननगर कंकालनी नगरपालिका, महदेवा गाउपालिका, छिन्नमस्ता गाउपालिका लगायतमा कार्यक्रम गर्दै आएको कार्यकारी निर्देशक देवनारायण यादबले जानकारी दिएका छन ।

कोशी पीडित समाजका अध्यक्ष ननुलाल मण्डलको अध्यक्षतामा आयोजित कार्यक्रममा पुर्व सभासद लक्ष्मी चौधरी, पुर्व बिधायक सुर्यनाथ यादब, कोशी पीडित समाजका कार्यकारी निर्देशक देव नारायण यादब, गैसस महासँघ कार्यवाहक अध्यक्ष बलदेव मण्डल, नेपाल पत्रकार महासँघ सहसचिव चन्दनकुमार यादब, समाजसेवी राजेन्द्र सढोक, बब्ली साह, लगायतले शुभकामना मन्तब्य दिएका थिए भने कार्यक्रमको संचालन संस्थाका महासचिव पार्वति चौधरीले गरेका थिए ।

बिस. २०६० सालमा स्थापना भई बिपद उत्थानशिल समुदाय, स्थानिय बिपद सुशासन प्रवद्वन र समुदायको बिपद सामना क्षमता अभिबृद्धि, जलवायु परिवर्तनको असर न्युनिकरण र क्षमता अभिबृद्धि र बाढी बिपद सामना क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रम गर्दै आएको छ ।


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं भिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३


## अन्तर्राष्ट्रिय समाचार

# दिल्लीको प्रदूषणले बालबालिका बढी प्रभावित

**नयाँ दिल्ली**/भारतको दिल्ली क्षेत्रमा भएको प्रदूषणले बालबालिका बढी प्रभावित भएको पाइएको छ ।

विज्ञ तथा सरोकारवालाले प्रदूषणबाट बालबालिकालाई दीर्घकालीन असर पर्ने भन्दै चिन्ता व्यक्त गरेका छन् ।

वायु प्रदुषणको असर बालबालिकामा अहिलेभन्दा पछि बढी देखिने सर गङ्गाराम अस्पतालका डा धीरेन गुप्ताको भनाइ छ ।

“बालबालिकामा प्रदूषणको असर अहिले के देखिएको छ र ? त्योभन्दा बढी असर त पछि देखिन्छ, त्यसैले यो धेरै गम्भीर र दुरगामी समस्या हो”, उहाँले भन्नुभयो ।

बालबालिकामा यसले पार्ने असरका बारेमा चिन्ता, चासो र गाम्भीर्यता अधिकांशमा नदेखिनु अर्को चिन्ताको विषय भएको उहाँको टिप्पणी छ । विशेष गरेर बालबालिकामा स्वासप्रस्वाससँगै मानसिक समस्या पनि देखिन सक्ने उहाँले बताउनुभयो । साथै आँखा पिरो हुने र घाँटी चिलाउने असर तत्काल नै देखिएको र त्यस्ता बिरामी आउने गरेको उहाँले जानकारी दिनुभयो ।

भारतको राष्ट्रिय राजधानीसमेत रहेको नयाँ दिल्लीमा दीपावलीका पटाकाका कारण शुक्रबारदेखि वायु प्रदूषण फेरि खतरनाकपूर्ण अवस्थामा पुगेको छ ।

प्रतिबन्ध लगाइए पनि सहरभरि मानिसले बिहीबार राति अबेरसम्म पटाकाहरू पट्काएका कारण आकाश नै धुम्म परेको अधिकारीको भनाइ छ ।

सवारीसाधन, औद्योगिक उत्सर्जन, धुलो र मौसमका कारण पछिल्ला केही वर्षदेखि भारतको नयाँ दिल्ली विश्वको सबैभन्दा प्रदूषित राजधानीका रूपमा चिनिँदै आएको छ ।

हिउँदमा छिमेकी राज्यमा जलाइएका परालका धुवाँका कारण पनि दिल्लीको वायु विषाक्त बन्ने गरेको छ ।

सरकारी वायु गुणस्तर मापन अधिकारीहरूले त्यहाँको प्रदूषण कणको ३५ प्रतिशत जलाइएका परालहरूका कारण भएको र त्यो बढ्दै जाने अनुमान गरेका छन् ।

दिल्ली मात्रै नभई भारतका अरु पनि धेरै शहरहरु अति प्रदूषित शहरमा पर्दछन । संसारका सबैभन्दा धेरै प्रदूषित ३० सहरमध्ये २२ वटा शहर भारतमै रहेका छन ।

भारतका प्रदूषित वायुका कारण बर्सेनि १० लाख मानिसको मृत्यु हुने विभिन्न तथ्याङ्कहरुले देखाउने गरेका छन् । एजेन्सी

# इन्धन बोकेको टयाङ्कर दुर्घटना हुँदा ९० भन्दाबढीको मृत्यु

**फ्रिटाउन**/इन्धन बोकेको टयाङ्कर दुर्घटना हुँदा सियरा लिओनमा ९० भन्दा बढीको मृत्यु भएको छ ।

देशको राजधानी फ्रिटाउनमा शनिबार भएको दुर्घटनामा परी ९२ जनाको मृत्यु भएको उपराष्ट्रपतिले नै पुष्टि गर्नु भएको छ । उपराष्ट्रपति मोहम्मद जुल्डेह जाल्लोहले अस्पतालमा अरु ८८ जनाको उपचार भइरहेको पनि जानकारी दिनुभयो ।

उहाँका अनुसार अस्पतालमा उपचार भइरहेकामध्ये अधिकांशको शरीरका धेरै भाग जलेका छन् । उद्धारकर्ता र अस्पतालमा उपचार गराइरहेका स्वास्थ्यकर्मीले पनि ९० भन्दाबढीको मृत्यु भएको जनाएका छन् । घाइते हुनेमा महिला र बालबालिका पनि रहेका छन् ।

अर्को एउटा सवारी साधनसँग टयाङ्कर ठोक्किएपछि आगलागी भएको र ठूलो मानवीय क्षति भएको प्रत्यक्षदर्शीले बताएका छन् । “दुर्घटनालगत्तै घटनास्थलमा धेरै मानिस जलिरहेको, रोइरहेको देखिएको थियो र कोही कोही त जल्दै दौडिँदै गरेको पनि देखिएको थियो”, एक प्रत्यक्षदर्शीले भने ।

घाइते र मृतकमध्ये धेरै दुर्घटनाका बेला घटनास्थलमा रहेका मोटरसाइकल चालक, पैदलयात्री, सडकका व्यापारीलगायत रहेको पनि उनीहरुले जनाएका छन् । शनिबार बिहान किनबेचका लागि सयौं मानिसको भीड सडकमा लागेको थियो । त्यही भएर पनि मानवीय क्षति धेरै भएको अनुमान गरिएको छ ।

“आगलागी हुनुअघि इन्धन पोखिएको थियो । त्यसपछि लागेको आगोले नजिक रहेका मानिसहरू र सवारी साधन जलेका थिए”, एक प्रत्यक्षदर्शीको भनाइ छ । राष्ट्रपति जुलियस मादा बायोले ठूलो मानवीय क्षति हुनेगरी भएको दुर्घटना र आगलागीको घटनाले आफूलाई अति दुखित बनाएको बताउनुभएको छ । उहाँले सामाजिक सञ्जाल ट्वीटरमार्फत शोक वक्तव्य प्रकाशित गर्दै पीडित परिवारलाई आफूले सक्दो सहयोग गर्ने आश्वासन पनि दिनुभएको छ ।

शवगृहमा ९० भन्दाबढी शवहरू पुगेको र फ्रिटाउन वरिपरिका स्वास्थ्य केन्द्रमा १०० जना जति मानिसको उपचार भइरहेको बताइएको छ । घाइतेमध्ये अधिकांशको अवस्था गम्भीर रहेकाले मृतकको सङ्ख्या अझै बढ्नसक्ने स्थानीय अधिकारीहरुले अनुमान गरेका छन् । एजेन्सी

# माटाको भाडा किन्नेको चहलपहल बढ्यो



**राजविराज**/लक्ष्मी पूजाको अवसर पारेर राजविराजको हटिया बजारमा माटोको भाँडादेखि लक्ष्मी पूजाका लागि विभिन्न सरसामान किन्नेको चहलपहल बढेको छ ।

माटोको भाँडा खासगरी कुमाल जातिले बनाउने माटोको मूर्ति, पाला, अति नै शुद्ध हुने भएकाले यसको बिक्रीमा वृद्धि भएको तिलाठीका कुमाल रामकुमार झाले बताए । पूजापाठमा माटोद्वारा निर्मित सामान प्रयोग गरिँदै आइरहेका हुनाले माटोको भाँडो लक्ष्मी पूजामा प्रयोग गर्नेको संख्या यतिखेर बढ्को छ ।

चाडपर्व नजिकिँदै गर्दा ठाउँठाउँमा माटोको भाँडा, फलफुल, विभिन्न मूर्ति र माटोको भाँडामा ढकनी, दीप, घैँलोलगायतका खरिदबिक्री भइरहेको व्यापारी बताउँछन् । जिल्लाको भारदह, कञ्चनपुर, हनुमाननगर, रुपनी, बोदेबरसाइनलगायतका विभिन्न ग्रामीण बजारमा पनि सुनदेखि नूनसम्मको सामान किनमेल भइरहेको छ ।

# मिथिला कप पर्साले जित्यो



**राजविराज**/राजविराजमा संचालित मिथिला कप क्रिकेट प्रतियोगिताको उपाधी पर्साले हात पारेको छ ।

राजविराजस्थित महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पसको खेल मैदानमा भएको फाइनल खेलमा छिन्नमस्ता स्पोर्टस क्लब बरहीविरपुर सप्तरीलाई ५९ रनले हराउँदै युनाइटेड क्रिकेट क्लब पर्सा बिजयी भएको हो । उपाधीसँगै पर्साले नगद एक लाख पनि पाएको छ ।

टस हारेर ब्याटिङ गर्ने अवसर पाएको पर्साले निर्धारित २० ओभरको खेलमा ७ विकेट गुमाउँदै १ सय ६१ रन बनाएको थियो । पर्साका लागि सन्तोष कार्कीले सर्वाधिक ३९, सैफअली हवारीले ३३, नरेश गिरीले २७ र इमरान शेखले १८ रनको योगदान दिएका थिए । बलिङतर्फ सप्तरीका उपेन्द्र रायले ३, महबुब आलम र दिनेश अधिकारीले समान २/२ विकेट लिएका थिए ।

एक सय ६२ रनको बिजयी लक्ष्य लिएर जवाफि ब्याटिङमा उत्रेको सप्तरीले १८ दशमलव ५ ओभरमै १ सय २ रन मात्र बनाउन सफल भएको थियो । सप्तरीका लागि रोहन बिक सर्वाधिक ३५, हासिम अन्सारी १८, सेना अनसारी १७ र आदिल अनसारीले १३ रनको योगदान दिएका थिए ।

पर्साका लागि घातक बलिङ गर्दै राजा मंसुरीले ४ र अल्फाज मन्सुरीले ३ विकेट लिएका थिए । यस्तै नरेश गिरी र इमरान शेखले समान १/१ विकेट बाडेका थिए ।

फाइनल खेलको म्यान अफ दि म्याच राजा मन्सरी घोषित भए । यस्तै छिन्नमस्ता स्पोर्टस क्लब सप्तरीका आदिल अन्सारी म्यान अफ दि सिरिज घोषित भए । बेष्ट बलरमा रन्जितपुर राइडर्स सप्तरीका बिक्रान्त देव र बेष्ट ब्याट्सम्यानमा सोही टिमका पंकज देव घोषित भए ।


प्रतियोगिता समाप्तिपछि आयोजक यूवा शक्ति क्लब बिष्णुपुरका अध्यक्ष रबिन्द्र यादवको अध्यक्षतामा आयोजित पुरस्कार बितरण समारोहमा प्रमुख अतिथि प्रदेश २ का अर्थमन्त्री शैलेन्द्र प्रसाद साह, विष्णुपुर गाउँपालिकाका प्रमुख निलाम्बर यादव, राजविराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादव, तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष सतिश कुमार सिंहले बिजेता उपबिजेता टिमलाई पुरस्कार बितरण गरेका थिए ।

### बाढीले पुल ...

कार्यालय हुँदै मल्हनिया र हनुमाननगर बजार जोड्ने उक्त पुल भत्किएपछि यातायात पूर्ण रुपले ठप्प हुनुका साथै पैदल आवतजावत गर्नेहरुलाई निकै समस्या भएको छ ।

जिर्ण भइसकेको पुलबाट जोखिम मोलेर आवतजावत गरिरहँदा अहिले पुलसहित बाटो पनि बाढीले बगाएपछि पैदलयात्रुहरुलाई निकै सास्ती व्यहोर्नु परिरहेको छ ।

५/६ किलोमिटरको दुरीमा रहेको हनुमाननगर बजार अहिले बाटो अवरुद्ध भएपछि बैकल्पिक मार्ग राजविराज हुँदै २५ किलोमिटरको घुमाउरो बाटो प्रयोग गर्नु पर्ने बाध्यता रहेको छ ।


अनुरोधकर्ता : विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय सप्तरी




अनुरोधकर्ता : बलानबिहुल गाउँ कार्यपालिकाको कार्यालय सप्तरी




अनुरोधकर्ता : खडक नगर कार्यपालिकाको कार्यालय सप्तरी

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*